श्री
उच्च अदालत
सुर्खेत

# श्री उच्च अदालत सुर्खेतबाट जारी गरिएको

## सूचनाः-

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिरहेको कारण अदालतहरुको काम कारवाही तथा सेवा प्रवाह व्यवस्थापन सम्बन्धमा सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६/१२/०७ गतेको निर्णय तथा त्यस पश्चातका विभिन्न मितिमा भएको निर्णयहरु बमोजिम अदालतको काम कारवाहीमा सीमितता सहितको सेवा प्रवाह हुँदै आएको कुरा विदितै छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट बन्दाबन्दी (लकडाउन) को अन्त्य भएको र जिल्ला भित्र सार्वजनिक यातायातसमेत सञ्चालनमा आएको सन्दर्भमा सर्वोच्च अदालतको बृहत पूर्ण इजलासबाट मिति २०७७/०२/१५ मा भएको आदेशको व्यवस्था र प्रदान गरेको सुविधामा अन्यथा असर नपर्ने गरी जिल्ला भित्रका सम्बन्धित अदालत वा न्यायिक निकायमा उपस्थित हुनुपर्ने अवस्थाका सोही जिल्ला भित्रका सेवाग्राहीहरु मिति २०७७/०४/०८ देखि बाटोको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुन तथा छोटो दूरीका निजी तथा सार्वजनिक यात्रुवाहक सवारी साधन एक जिल्लाबाट अर्को जिल्लामा र आन्तरिक तथा अन्तराष्ट्रिय हवाई उडान २०७७/०५/०१ गते देखि सञ्चालन हुने सन्दर्भमा अन्य जिल्लामा रहेका अदालत वा न्यायीक निकायमा उपस्थित हुनुपर्ने सेवाग्राहीहरु मिति २०७७/०५/०१ गते देखि बाटोका म्याद बाहेक ३० दिनभित्र हदम्याद, म्याद र तारेखमा अदालतमा उपस्थित हुन यस अदालतबाट मिति २०७७/०४/११ गतेको निर्णय बमोजिम सूचना जारी भएको अवस्था छ।

हालै गरिएको परिक्षणमा यस उच्च अदालतमा कार्यरत १ जना कर्मचारीमा पनि कोरोना संक्रमण देखिएको परिप्रेक्ष्यमा सेवाग्राहीको भिडभाड नियन्त्रण गरी संक्रमणको जोखिम न्यूनिकरण गर्न यस अदालतबाट प्रवाह भइरहेको सेवाहरु मध्ये अत्यावश्यक प्रकृतिका कार्य र सेवाहरुः- **बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई, पुनरावेदन/निवेदन दर्ता, COVID-19 सँग सम्बन्धित लगायतका रिट निवेदन दर्ता र प्रारम्भिक सुनुवाई तथा अन्तरिम आदेश छलफल, मुलुकी फौजदारी कार्यविधि ऐन २०७४ को दफा ७३ तथा १५५ नं बमोजिमका निवेदन सम्बन्धी सुनुवाई गर्ने लगायतका कामकारवाहीहरलाई प्राथमिकीकरण गरी कारवाही र सुनुवाई हुने र अन्य सेवा प्रवाह अर्को निर्णय नभएसम्मको लागि स्थगन गर्ने** भनि मिति २०७७/०४/२३ गते यस अदालतका माननीय मुख्य न्यायाधीश ज्यू, न्यायाधीश ज्यूहरु, सह-न्यायाधिवक्ता ज्यू, बारका पदाधिकारी ज्यूहरु समेतको बैठकले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

मितिः-२०७७/०४/२३

2077/04/23

थिरेन्द्रकुमार सुवेदी

**शाखा अधिकृत**